# बन्दीपुर गाउँपालिकामा कार्यरत चिकित्सक प्रोत्साहन भत्ता कार्यविधि, २०८०

बन्दिपुर गाउँपालिका अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थामा दिइने स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन चिकित्सकहरुको मनोबल बढाई सेवा प्रवाहमा थप जिम्मेवारीका साथ चिकित्सीय सेवा प्रदान गर्न बन्दिपुर अस्पताल तथा मातहतका अन्य सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले बन्दीपुर अस्पतालको आन्तरिक बजेटमा भएको चिकित्सक प्रोत्साहन भत्ता कार्यक्रम कार्यान्वयनका लागि मिति २०८०।०६।०९ गतेको बन्दीपुर गाउँकार्यपालिकाको निर्णयानुसार यो कार्यविधि जारी गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क)यस कार्यविधिको नाम बन्दिपुर गाउँपालिकामा कार्यरत चिकित्सक प्रोत्साहन कार्यविधि, २०८० रहेको छ।

(ख)यो कार्यविधि संवत् २०८० श्रावण महिना १ गतेदेखि लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)"अस्पताल" भन्नाले बन्दीपुर अस्पताल सम्झनु पर्दछ।

(ख)"अन्य सरकारी स्वास्थ्य संस्था" भन्नाले बन्दीपुर गाउँपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य संस्था तथा अन्य बन्दीपुर अस्पताल मातहतका अन्य ओपिडी सेवा विस्तार केन्द्र सम्झनु पर्दछ।

(ग) "प्रोत्साहन भत्ता" भन्नाले बन्दीपुर अस्पतालमा कार्यरत मेडिकल डाक्टरलाई प्रोत्साहन गर्न प्रदान गरिने प्रचलित नियमअनुसार पाउने तलब भत्ता बाहेकको अतिरिक्त भत्ता सम्झनु पर्दछ।

(घ) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा चिकित्सकको रुपमा दर्ता भई बन्दीपुर गाउँपालिकामा कार्यरत देहायका चिकित्सक सम्झनु पर्दछः-

अ. आठौं तह वा सोभन्दा माथिको स्थायी पदमा कार्यरत चिकित्सक,

आ. चिकित्साशास्त्र विषयमा एमबिबिएस वा सो सरह वा सोभन्दा माथिको मेडिकल डिग्री हासिल गरी आठौं तह वा सोभन्दा माथिको पदमा करारमा कार्यरत चिकित्सक,

इ. नेपाल सरकारको छात्रवृत्तिमा चिकित्साशास्त्र अन्तर्गत एमिबिबिएस वा सो सरह अध्ययन पूरा गरी प्रचलित नियम बमोजिम छात्रवृत्ति करारमा कार्यरत चिकित्सक,

३. <u>प्रोत्साहन भत्ता उपलब्ध गराईनेः</u>

(क)बन्दीपुर गाउँपालिका अन्तर्गतका अस्पताल तथा अन्य सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरुलाई देहाय बमोजिम हुने गरी प्रति महिनाका दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछः-

| विवरण | प्रोत्साहन भत्ता प्रति महिना | कैफियत |
|---|---|---|
| आठौं तह वा सो सरहको पदमा कार्यरत स्थायी वा करार चिकित्सक | रु २०,०००।- | |
| नवौं तह वा सो भन्दा माथिको पदमा कार्यरत स्थायी वा करार चिकित्सक | रु ३०,०००।- | |
| छात्रवृत्ति करार चिकित्सक | रु २०,०००।- | |

(ख)बन्दीपुर अस्पतालको प्रमुखको रुपमा मेडिकल सुपेरिटेन्डेन वा निमित्त मे.सु. को पदमा कार्यरत स्थायी वा करार चिकित्सकलाई उपदफा (क) का अतिरिक्त प्रति महिना थप रु १०,०००।- (अक्षरुपी दश हजार) भत्ता उपलब्ध गराईनेछ।

(ग) उपदफा (क) र (ख) बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउँदा तोकिएको प्रोत्साहन भत्ताको रकमलाई शतप्रतिशत मानी अस्पतालमा हाजिर भई ड्युटी रोष्टर अनुसार कामकाज गरेको कूल ड्युटी समयका आधारमा देहाय बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराइनेछः-

| ड्युटी समय प्रति महिना (घन्टामा) | | | प्रोत्साहन भत्ता प्राप्त गर्ने रकमको विवरण | | |
|---|---|---|---|---|---|
| कट-अफ | ड्युटी समय | प्रतिशतमा | कटौती रकम | प्रतिशतमा | रकम रु |
| १ | २१० वा सो भन्दा बढी | १०० | ० | १०० | २०,०००।- |
| २ | १८९ | ९० | ५,०००।- | ७५ | १५,०००।- |
| ३ | १५७ | ७५ | १०,०००।- | ५० | १०,०००।- |
| ४ | १०५ वा सो भन्दा कम | ५० | २०,०००।- | ० | - |

(घ) उपदफा (ग) मा प्रति महिना ड्युटी समय जुन कट-अफ बिन्दुभन्दा बढी हुन जान्छ, नजिकको कट-अफ बिन्दुबाट बढी हुन आउने कूल समयलाई (घन्टामा) प्रति घन्टा रु १०० का दरले नजिकको कम कट-अफ बिन्दुको रकममा थप गरी भुक्तानी गरिनेछ। यसरी थप गरेर भुक्तानी गर्दा शतप्रतिशत भन्दा बढी हुने गरी भुक्तानी गरिने छैन।

४. <u>दोहोरो पर्ने गरी भुक्तानी गर्न नहुने:</u>

(क) यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता भुक्तानी गर्दा प्रचलित कानूनका अतिरिक्त चिकित्सकले हाल खाइपाइ आईरहेको भत्ता वा अन्य सुविधासँग दोहोरो नपर्ने गरी भूक्तानी गर्नुपर्नेछ।

(ख) दफा ३ बमोजिम प्रोत्साहन भत्ता प्रदान गर्दा चिकित्सकलाई अस्पताल व्यवस्थापन समिति मार्फत् हाल प्रदान गरिदैं आएको भत्ता वा अन्य सुविधाको रकमसँग खाइपाइ आएको सुविधा नघटाई समायोजन गरी प्रदान गरिनेछ।

(ग) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम वापत सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिबाट शोधभर्ना पाएको रकमबाट अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले अस्पतालमा कार्यरत कर्मचारीहरुलाई तोकेको प्रतिशतको प्रोत्साहन भत्ता लिन चिकित्सकहरुलाई यस कार्यविधिले बाधा पार्ने छैन।

५. <u>प्रोत्साहन भत्ता भुक्तानी प्रक्रिया:</u>

(क) बन्दिपुर गाउँपालिकाबाट नियमानुसार करकट्टी गरी चिकित्सकलाई प्रोत्साहन भत्ता भूक्तानी गरिनेछ।

(ख) उपदफा (क) बमोजिम भूक्तानी गर्दा दफा ३ बमोजिमको आधारमा अस्पतालको लागि सम्बन्धित शीर्षकमा विनियोजन भएको रकमबाट चिकित्सकलाई उपलब्ध गराउनु पर्नेछ।

(ग) प्रोत्साहन भत्ता भूक्तानी प्रयोजनका लागि चिकित्सकले नियमित रुपमा प्रचलित नियम बमोजिम तोकिएको ड्युटी आवर काम गरेको भनी अस्पताल प्रमुखले ड्युटी रोष्टर प्रमाणित गर्नुपर्नेछ।

(घ) चिकित्सकले अनुसूची-१ बमोजिमको चिकित्सक प्रोत्साहन भत्ता प्रतिवेदन फाराम भरी अस्पताल प्रमुखले उक्त फारामहरु प्रमाणित गरी सो सँगै उपदफा (ग) बमोजिमको हाजिरी प्रमाणित कागजात समेतका आधारमा प्रोत्साहन भत्ता भूक्तानी हुनेछ।

६. <u>लेखा र लेखा परीक्षण:</u> यस कार्यविधि बमोजिम उपलब्ध गराइएको प्रोत्साहन भत्ताको लेखा राख्ने र लेखा परीक्षण गर्ने व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७. <u>अनुगमन तथा निरीक्षण:</u>

(क) प्रोत्साहन भत्ता उपलब्ध गराएको सम्बन्धमा अस्पताल प्रमुख वा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत समेतले समय-समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(ख) उपदफा (क) बमोजिमको अनुगमन तथा निरीक्षणका क्रममा झुट्टा तथा नभएको विवरण पेश गरी सो को आधारमा अतिरिक्त भत्ता सुविधा खाएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

८. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिसँग सम्बन्धी बाधा अड्काउ फुकाउने परेमा कार्यपालिकास्तरीय निर्णयबाट फुकाउन सकिनेछ।

९. <u>संशोधन, खारेजी र बचाउ:</u> यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्ने अधिकार बन्दीपुर गाउँकार्यपालिकामा निहित छ।

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ

अनूसुची-१
(दफा ५ को उपदफा (घ) सँग सम्बन्धित)
स्थानीय सरकार
बन्दीपुर गाउँकार्यपालिकाको कार्यालय
............................... अस्पताल/स्वास्थ्य केन्द्र/ओपिडी सेवा विस्तार केन्द्र
.................., बन्दीपुर, तनहुँ

## चिकित्सक प्रोत्साहन भत्ता प्रतिवेदन मासिक फाराम

चिकित्सकको नाम: पद: तह:
आ.व.: महिना: स्थायी/करार/छात्रवृत्ति करार:

| क्र.स. | प्रमुख ५ रोगको निदान (Diagnosis) | उपचार प्रक्रिया (Treatment in OPD/ER/Indoor/minor OT/other) | बिरामीको Outcome | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | रेफर | डिस्चार्ज | अन्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले
नवेशराज हमाल
प्रमुख प्रशासकीय अधिकृत